# मकवानपुरगढी गाँउपालिका गैरसरकारी संस्था समन्वय सम्वन्धी निर्देशिका २०७५

कार्यपालीकावाट स्वीकृत मितिः२०७५/५/२४

## प्रस्तावना

मकवानपुरगढी गाउपालिकामा काम गर्ने गैरसरकारी संस्थाहरुसँग एकद्धार प्रणाली मार्फत आपसी सहयोग र साझेदारीलाई समेत परिचालन र प्रभावकारी बनाउन नेपालको संविधान २०७२ भाग ४ धारा ५१(ञ) (१४) र धारा ७२(२) ता नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृत संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीहरुको विस्तृतीकरणमा गरिएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन २०७४ दफा २५ र १०२ ले दिएको अधिकार प्रयोग गर्दै यस गाउपालिकामा कार्यरत गैर सरकारी संस्थाहरुलाइ समन्वय गर्नको लागी गैरसरकारी संस्था समन्वय सम्वन्धी निर्देशिका मकवानपुरगढी गाउपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम मकवानपुरगढी गाँउ कार्यपालिकाको मिति २०७५/५/२४ गते वसेको वैठकको निर्णय वमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस निर्देशिकाको नाम " गैरसरकारी संस्था समन्वय सम्वन्धी निर्देशिका २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः

### विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिका -

(क) "अध्यक्ष"भन्नाले मकवानपुरगढी गाउपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले विदेशमा दर्ता भई नेपालमा सामाजिक सेवा तथा विकास कार्यमा संलग्न हुने तथा त्यस्तो कार्यमा सहयोग गर्ने संस्थालाई सम्झनुपर्दछ ।

(ग) "समन्वय समिति" भन्नाले गाउ समन्वय समितिलाई सम्झनु पर्छ ।

(घ) "दातृ निकाय" भन्नाले समाज कल्याण वा सामाजिक सेवा तथा विकास कार्यमा सहयोग गर्ने विदेशी सरकार वा संघ, संस्था आदि सम्झनु पर्छ ।

(ङ) “मन्त्रालय”भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा अन्य तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(च) “गैरसरकारी संस्था” भन्नाले लाभांश वा मुनाफा बितरण गर्ने उद्देश्य नराखी प्रचलित कानूनबमोजिम दर्ता भई कार्य गर्नेसामाजिक संस्थाहरुलाई सम्झनु पर्छ

(छ) “विधान” भन्नाले गैरसरकारी संस्थाको विधान सम्झनु पर्छ ।

(ज) “वोर्ड सदस्य” भन्नाले गैरसरकारी संस्थाका कार्य समितिका वोर्ड सदस्यलाई जनाउँछ ।

(झ) “सामाजिक सेवा तथा विकास कार्य” भन्नाले नेपाली समाजको समतामूलक विकास, सामाजिक रूपान्तरण, लोकतन्त्र मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, गरिब, अशक्त एवं अपाङ्ग, यौनिक अल्पसंख्यक तथा उपेक्षित समुदायको सर्वोपरी हित, क्षमता विकास, सशक्तिकरण, वकालत, सामाजिक परिचालन,उपभोक्ता अधिकार ,सशक्तीकरण,आर्थिक विकास, सेवा र पुनर्स्थापनाका लागि गरिने कार्य सम्झनुपर्दछ ।

(ञ) “संघ संस्था” भन्नाले लाभांश वा मुनाफा वितरण गर्ने उद्देश्य नराखी संघसंस्था दर्ता ऐन, २०३४, राष्ट्रिय निर्देशन ऐन, २०१८ अनुसार दर्ता भएका तथा समाज कल्याण ऐन २०४९ अनुसार आवद्ध सामाजिक संस्थाहरुलाई सम्झनु पर्छ ।

(ट) “विषयगत समिति” भन्नाले स्थानीय तहमा गठित विभिन्न समितिलाई सम्झनु पर्छ ।

(ठ) “गाउपालिका”भन्नाले मकवानपुरगढी गाउपालिकालाई जनाउने छ ।

(ड) “गैसस” भन्नाले गैरसरकारी संस्था भन्ने जनाउनेछ ।

## परिच्छेद-२

## ३) संघ संस्थाहरुको वर्गीकरण र सामाजिक विकास कार्यक्रम संस्थाहरुको सूची तयार गर्ने:

(१) गाउपालिकामा काम गरिरहेका तथा काम गर्न चाहने सम्पूर्ण संघ संस्थाहरुको सूची तयार गरिने छ ।

(२) सूची तयार गर्दा तपशील अनुसार वर्गीकरण गरी अलग अलग सूची तयार गर्नुपर्ने छ ।

(क) सामाजिक संस्थाहरु - सामाजिक सचेतना, मानअधिकारको संरक्षण तथा प्रवर्द्धन, सामाजिक

विकास, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, क्षमता विकास, सामाजिक परिचालन,भौतिक पूर्वाधार विकास, जीविकोपार्जन तथा आर्थिक क्रियाकलाप, मानवीय सहायता, प्राकृतिक श्रोत संरक्षण र ब्यवस्थापन, गरिबी निवारण, पैरवी, उपभोक्ताहरुको हित संरक्षणका लागि स्थापित नागरिक संस्थाहरू)

(ख) खेलकुद विकास संस्थाहरू

(ग) धार्मिक सांस्कृतिक संस्थाहरू

(घ) प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरू

(ङ) परोपकार संस्थाहरू

च) पेशागत संस्थाहरु

छ) संजाल तथा महासंघहरु

ज) उपभोक्ता समुहहरु

झ) अनुसन्धान संस्थाहरु

ञ) सामुदायिक संस्थाहरु

## ४. सामाजिक कार्यक्रमः

(क) गाउपालिकाले सामाजिक संघ संस्थाहरु मार्फत सामाजिक परिचालन, नागरिक अधिकार, सामाजिक सचेतना तथा विकास कार्यक्रमहरु सञ्चालन गर्नेछन् ।

(ख) गाउपालिकाले सामाजिक परिचालन लगायतका कार्यहरु गर्दा दफा ३ वमोजिम सूचीकृत गैससहरुलाई प्राथमिता दिई समन्वय साझेदारी गर्नेछ ।

(ग) संस्थाले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरुमा मात्र खर्च गर्ने गरी आफ्नो श्रोत निर्माणका लागि आयमुलक कार्यक्रमहरु संचालन गर्न सक्नेछन् ।

(घ) गाउपालिकाले सामुदायिक विकासको क्षेत्रमा कार्यरत सम्पूण गैरसरकारी संस्थाहरुको सूची अद्यावधिक गरी कार्यक्रम तथा लगानीमा हुने दोहोरोपन हटाउन सक्नेछ ।

## ५. स्थानीय दिगो विकास सम्बन्धी कार्यक्रम संचालनः

गाउपालिकामा दिगो विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा गाउपालिकाले देहाय बमोजिमका विशेष कार्यक्रमहरु छनौट गरी साझेदारीमा संचालन गर्नेछ :

(क) महिला,बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति,यौनिक अल्पसंख्यक,आदीवासी,

जनजाति तथा दलित, असहाय लगायत  पिछडिएका एवं सीमान्तकृत समुदायको हित र कल्याण सम्बन्धी  कार्यक्रम,

(ख) रोजगार एवं स्वरोजगार सिर्जना सम्बन्धी कार्यक्रम,

(ग) स्थानीय विकासका लागि सहभागिता अभिवृद्धि गर्ने र लैङ्गिक  मूलप्रवाहीकरण तथा महिला सशक्तीकरण सम्बन्धी,

(घ) ऐन, कानून, मानव अधिकार, लोकतन्त्र, सुशासन संरक्षण तथा प्रवर्द्धनात्मक कार्यहरु, स्रोत साधनमा पछाडि पारिएका समुदायहरुको पहुँच, स्वामित्व र नियन्त्रण वढाउने कार्य,

(ङ) कृषि उत्पादन, खाद्य सुरक्षा तथा पोषण,

(च)सामाजिक कुरीति तथा अन्धविश्वास विरुद्धको कार्यक्रम,

(छ) गरिबी निवारण, आय आर्जन तथा सीप विकाससम्बन्धी कार्यक्रम,

(ज) नागरिक कर्तव्य तथा दायित्व सम्वन्धी सचेतना कार्यक्रम,

(झ) वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा प्रभाव न्यूनिकरण एवं विपद जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम,

(ञ)स्वास्थ्य जनचेतना अभिवृद्धि तथा सेवा प्रवाहसम्बन्धी कार्यक्रम,

(ट) शिक्षा लगायत आधारभूत शैक्षिक उद्देश्य परिपूर्ति गर्ने सम्बन्धी विविध कार्यक्रम,

(ठ) पिउनेपानी, सरसफाई, जलश्रोत ब्यवस्थापन तथा लघु तथा बैकल्पिक उर्जा विकास,

(ड) भौतिक पूर्वाधारा विकास निर्माण तथा मर्मत सम्बन्धी

## परिच्छेद– ३

## कार्यक्रम संचालन गर्दा स्थानीय तहसँग स्वीकृत तथा  समन्वय :

(१) यस निर्देशिका अन्तर्गत सूचीकृत भएका र हुन चाहने संस्थाहरूले  आफूले काम गर्ने कार्यक्षेत्र भित्रको गाउपालिकावाट कार्यक्रमको  प्रकृति हेरि गाउसभामा पेश गर्ने वा समन्वय वा जानकारी गराई काम  गर्नुपर्नेछ ।

(क) एक बर्ष भन्दा छोटो अवधिको परियोजनाहरु, सभा, सम्मेलन,   गोष्ठी, तालिम, कार्यशाला, नागरिक शिक्षा, सुशासन तथा   जवाफदेहिता प्रबर्द्धन, मानव अधिकार प्रबर्धन, सर्वेक्षण र अध्ययन अनुसन्धान सम्बन्धी कामहरु गर्दा स्थानीय तहलाई जानकारी गराइ कार्यक्रम सञ्चालन गर्ने । कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन स्थानीय तहलाई गराउनु पर्नेछ ।

(ख) गाउपालिकाको नियमित र बिषयगत कामसँग मेल खाने प्रकृतिका परियोजना तथा कार्यक्रमहरुमा स्थानीय तहसँग समन्व  गरेर काम गर्ने ।

ग) एक बर्ष भन्दा लामो एवं वहुबर्षीय भौतिक निर्माणका परियोजना वा कुनै कार्यक्रम संचालन गर्नु परेमा स्थानीय तहसँग स्वीकृति लिएर काम गर्ने ।

(२) गैससहरुले संचालन गर्ने एक बर्ष भन्दा लामो वा वहुबर्षीय परियोजना  वा कार्यक्रम स्थानीय योजना तर्जुमा प्रक्रिया मार्फत गाउपालिका  को एकीकृत बार्षिक कार्यक्रम तथा बजेटमा समावेश हुने गरी पेश गर्नु पर्नेछ र नगरसभामा स्वीकृत गर्नुपर्नेछ ।

(३) गाउसभा सम्पन्न भएपछि गैससहरुको कार्यक्रम बजेट स्वीकृत गर्नु पर्ने भएमा गाउ कार्यपालिकावाट स्वीकृत गराउनु पर्नेछ र अर्को आर्थिक बर्षको गाउसभाबाट अनुमोदन गराउन सकिनेछ ।

## ७. गाउपालिका स्तरीय गैसस समन्वय समिति गठन :

(१) गैससहरुसँग समन्वय र साझेदारी प्रबर्धन गर्न निम्न बमोजिम तीन  सदस्यीय गैसस समन्वय समिति गठन गरिने छ ।

(क)  गाउ कार्यापालिकाले तोकेको वडा अध्यक्ष/ कार्यापालिका सदस्य मध्ये वाट - संयोजक

(ख) गाउ कार्यापालिकाले तोकेको वडा अध्यक्ष/ कार्यापालिका सदस्य मध्ये वाट महिला पर्ने गरि दुइ जना - सदस्य

ग) गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(घ) गैसस महासंघ नेपालको एक जना प्रतिनिधि - सदस्य

(ङ) स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख वा कार्यालयले तोकेको कर्मचारी - सदस्य सचिव

(२) समन्वय समितिको बैठक र कार्यविवरण भने समन्वय समितिले निर्णय  गरे बमोजिम हुनेछ ।

(२) गाउपालिकाले  आफ्नो कार्यक्रममा सम्वद्ध वा पालिकालाई कार्यक्षेत्र वनाई काम गर्ने  गैरसरकारी संस्थाहरुको लागि सामाजिक परिक्षण गर्न गराउन सक्ने छ ।

## ८.प्रगति प्रतिवेदन पेश गर्नुपर्ने :

(१) हरेक गैरसरकारी संस्थाले गाउपालिका समक्ष  प्रत्येक चौमासिक  प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२)  वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भए पछी को ४ महिना भित्र आफ्नो वार्षिक लेखापरिक्षण सहितको वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने छ ।

## ९. सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई सम्बन्धी व्यवस्थाः

(१) गैरसरकारी संस्थाले सन्चालन गरेका कार्यक्रमको लक्ष्य, बजेट, कार्यक्रम  एवं उपलब्धिका बारेमा कार्यक्रम कार्यान्वयन गरिएको स्थानका समाजसेवी, सञ्चारकर्मी, नागरिक समाज एवं उपभोक्ता समेतको सहभागितामा वार्षिक रुपमा सामजिक परीक्षण तथा सार्वजनिक लेखा परीक्षण तथा सुनुवाई गर्नु पर्नेछ। परीक्षण तथा सुनुवाईसम्बन्धी माग र्निर्देशिका बनाई लागू गर्न सक्नेछ।

## १०. गैरसरकारी संस्थामा गाउपालिकाको संलग्नताः

१) गाउपालिकाका पदाधिकारी सदस्य तथा कार्यरत कर्मचारीहरू संघीय ऐन बमोजिम दर्ता भएका गैरसरकारी संस्थाको कार्यसमितिका सदस्य वा पदाधिकारी र कर्मचारीका रूपमा संलग्न हुन पाउने छैनन्।

## ११. गैससको प्रतिनिधित्वः

(१) गाउपालिकाका विभिन्न विषयगत समितिहरु र नेपाल सरकारद्वारा गठन गरिने गैरसरकारी संस्था सम्बन्धी विभिन्न समिति वा उपसमितिमा गाउपालिका स्तरीय गैसस समन्वय समितिको सिफारिसका आधारमा विषयगत  गैरसरकारी संस्थाको प्रतिनिधित्व हुनेछ।

## १२. होर्डिङ्ग बोर्ड :

यस निर्देशिका वमोजिम सूचीकृत हुने हरेक सामाजिक संस्थाले आफ्नो संस्थाले गर्ने र गरिरहेको कामहरुबारे सबैलाई जानकारी गराउनको लागि एक होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ।

## परिच्छेद– ४

## गैरसरकारी संस्था र स्थानीय तहको योजना तर्जुमा

## १३. योजना तर्जुमा प्रकृयामा गैससहरुको सहभागीताः

(१) गाउपालिकाको योजना निर्माण प्रकृयामा गैरसरकारी संस्थाहरुले आवश्यक सहयोग गर्नुपर्नेछ।

(२) सम्वन्धीत विषय र क्षेत्रको सूचना संकलनमा स्थानीय तहको  आवश्यकतानुसार सहयोग गर्नुपर्नेछ

(३) गाउपालिकाको योजना निर्माण प्रकृयाको प्रारम्भिक चरणदेखि नै  वैठकमा सम्वन्धीत गैससहरुको सहभागीता र प्रतिनिधित्व गर्नुपर्नेछ।

(४) गैससका सम्वन्धित विषय र क्षेत्रमा कार्यक्रमको दोहोरोपन हटाउस्थानीय तहलाई सहयोग

गर्नुपर्नेछ ।

(५) गैससहरुले स्थानीय तहका योजना निर्माण र कार्यान्वयनवारे जनचेतना अभिवृद्धिमा आवश्यक सहयोग गर्नुपर्ने छ ।

## १४. योजना कार्यान्वयन र साझेदारी :

(१) गाउपालिका र विषयगत कार्यालयहरुको योजना कार्यान्वयनमा गैससहरुलाई आफ्नो स्रोत र क्षमतानुसार आर्थिक तथा प्राविधिक साझेदारी गर्नुपर्नेछ ।

(२) गाउपालिकामा संचालित विकास आयोजनाहरुको गुणस्तर अभिवृद्धिका लागि सम्वन्धीत गाउपालिकावाट अनुरोध भइ आएमा आवश्यकतानुसार ज्ञान, शीप, परामर्श तथा सुझाव उपलव्ध गराउ पर्नेछ ।

(३) परियोजना समीक्षा वैठकहरुमा सहभागी हुने र पृष्ठपोषण दिनुपर्नेछ ।

## १५. स्थानीय योजना अनुगमन तथा मूल्यांकन :

(१) गाउपालिकावाट संचालन हुने विकास आयोजनाको अनुगमन तथा मुल्यांकन प्रकृयामा विषयगत गैससहरुलाई गाउपालिका स्तरीय गैसस समन्वय समितिको सिफारिसको आधारमा प्रत्यक्ष सहभागी गराइनेछ ।

(२) गाउपालिकाले स्वतन्त्र रुपमा विकास आयोजनाको तेश्रो पक्ष मूल्यांकन गर्नेछ जसमा सम्वन्धीत गाउपालिकामा रहेका दक्ष गैससहरुलाई प्राथमिकता दिइने छ ।

### १६. गैससका कार्यक्रम अनुगमन :

(१) गाउपालिकामा संचालित गैससहरुको परियोजना तथा कार्यक्रमहरु अनुगमन गर्नेछ ।

(२) गाउपालिका स्तरीय गैसस कार्यक्रम अनुगमन समिति निम्न वमोजिम हुनेछ

| | |
|---|---|
| क) गाउपालिका उपाध्यक्ष- | संयोजक |
| ख) गाउपालिका स्तरीय गैसस समन्वय समितिको संयोजक- | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत- | सदस्य |
| घ) सामाजिक विकास समितिको संयोजक- | सदस्य |
| (ङ) योजना तथा अनुगमन शाखा प्रमुख- | सदस्य सचिव |

## परिच्छेद- ५

## वैदेशिक सहयोग तथा अन्तर्राष्ट्रिय गैसस सम्वन्धमा

### १७. वैदेशिक सहयोगः

(१) गाउपालिकामा परिचालन हुने वैदेशिक सहयोग स्थानीय तहमार्फत नै परिचालन हुने गरी सहयोग स्वीकार गरिनेछ ।

(२) उपदफा (१)वमोजिम गाउपालिकामा प्राप्त वैदेशिक सहयोग सम्वन्धीत गाउपालिकामा सूचीकृत गैससहरु मार्फत मात्र परिचालन गरिनेछ ।

### १८. एकद्वार प्रणाली सम्वन्धमा :

(१) गाउपालिकामा कार्य क्षेत्र रहेका सम्पूर्ण गैससहरुले  कार्यक्रमहरुलाई दोहोरोपन हुन नदिन एकद्वार प्रणाली अपनाइनेछ ।

### १९. अन्तर्राष्ट्रिय गैसस सम्वन्धमाः

(१) गाउपालिकामा काम गर्न चाहने अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले स्थानीय तहमा स्थानीय गैरसरकारी संस्था मार्फत मात्र कार्य  गर्नु पर्नेछ ।

(२) कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नो कार्य क्षेत्र रहेको गाउँपालिकामा कार्यालय राखी कार्यक्रमको प्रत्यक्ष कार्यान्वयन गर्न पाउने छैन ।

## परिच्छेद- ६

## विविध

### पुरस्कार र प्रोत्साहन :

गाउपालिकाले सामाजिक सेवा तथा विकास कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गर्ने तथा पछाडि पारिएको वर्ग र समुदायको हित, कल्याण र शसक्तिकरणका लागि उल्लेख्य योगदान पुऱ्याउने गैरसरकारी संस्थाहरुलाई प्रोत्साहित गर्न सामाजिक सेवा पुरस्कारहरुको स्थापना तथा वितरण गर्नेछ ।

### २१. सामाजिक विकास कोष :

गैरसरकारी संस्थाहरूमा कार्यरत कार्य समिति, कर्मचारी एवं स्वयंसेवकहरुको गैरसरकारी संस्थाहरूका छाता संगठनहरू वा गैरसरकारी संस्थाहरू स्वयंले आचार संहिता निर्माण गरी लागु गर्नु पर्नेछ ।

## २५. वाधा अड्काउ फुकाउने अधिकारः

(१) यस निर्देशिकाको उद्देश्यकार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा गाउपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश गाउपालिका ले ६ महिना भित्र थप क्षमता विकासका लागि गाउपालिकाद्धारा सामाजिक विकास कोषको स्थापना गरिनेछ ।

## २२. दण्ड सजाय :

गाउपालिकामा कार्यरत गैरसरकारी संस्थाहरूले काम गर्ने क्रममा आर्थिक हिनामिना वा कानून विपरित कार्य गरेको पाइएमा त्यस्ता संस्थाहरुलाई काम गर्न रोक वा खारेजीका लागि दर्ता गर्ने निकाय समक्ष सिफारिश गर्न सक्नेछ । तर, सो अगाडि उक्त संस्थालाई स्पष्टीकरण वा आवश्यक विवरण माग्नु पर्नेछ ।

## २३. मार्गनिर्देशिका वनाउने अधिकार :

यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न गाउपालिकाले आवश्यक मार्गनिर्देशिका वनाउन सक्नेछ ।

## २४. आचार संहिता :

गाउसभाबाट अनुमोदन गराउनुपर्नेछ, नगरेमा स्वत निस्क्रिय हुनेछ

## २६. बचाउ र लागु नहुने :

(१) यो निर्देशिकामा उल्लेख नभएको विषयको हकमा लेखिए जति कुरामा सोही वमोजिम र नलेखिएको कुरामा प्रदेश तथा संघीय कानून वमोजिम  हुनेछ ।

(२) यस निर्देशिकामा उल्लेख भएका कुनै विषय प्रदेश, संघीय कानून तथा  संविधान संग बाझिएको खण्डमा बाझिएको हकमा स्वतः निस्क्रिय  भएको मानिनेछ ।